राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्चन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
▸सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ३०, फागुन १५ गते शुक्रबार, २०८२ (27 February, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# समझदारीसाथ अघि बढ्न प्रचण्डको अपिल

## चुनावी तयारीको समीक्षा, सम्भावित परिणामको आँकलन र एजेन्डाको प्रष्टीकरण

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** प्रतिनिधिसभा सदस्य चुन्नका लागि २१ फागुनमा तोकिएको निर्वाचन नजिकँदै गर्दा राजनीतिक वृत्तमा चुनावी सरगर्मी ह्वात्तै बढेको छ। चुनावको मिति आउँदै गर्दा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले पार्टी मुख्यालय पेरिसडाँडामा पत्रकार सम्मेलन गर्दै सम्भावित चुनावी परिणामबारे धारणा सार्वजनिक गरेका छन् । देशमा राजतन्त्र फर्कने कुनै सम्भावना नरहेको समेत उनेल प्रष्ट्याएका छन् ।



चुनावी तयारी र वर्तमान अवस्थाबारे केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले आसन्न निर्वाचनमा हुने चारपक्षीय भिडन्तका बीच आफ्नो दल नेकपा पहिलो बन्न सक्ने अड्कल समेत सुनाए । अझै पनि चुनाव होला या नहोला भन्ने आशंका जारी नै भए तापनि चुनाव रोकिने वा सर्ने सम्भावना अब टरिसकेको उनले खुलस्त पारे । देशमा राजतन्त्र नफर्कने र चुनावअघि कुनै पनि उममेदवार या दलसँग आफूहरूको तालमेल नहुने पनि उनलेस प्रष्ट्याए । निर्वाचनपछि कुनै एक दलको स्पष्ट बहुमत नआउने विश्लेषण गर्दै फेरि पनि त्रिशंकु संसद बन्ने संयोजक प्रचण्डले जिकिर गरे । देशभरका सातै प्रदेशको चुनावी अभियानमा सहभागी भएर फर्किएपछिको सन्दर्भमा सञ्चारकर्मीसँग कुराकानी गर्दै वर्तमान निर्वाचन प्रणाली र शासकीय स्वरूपका कारण एकल बहुमतको सम्भावना नरहेको उनले बताए ।

'अहिलेसम्मको परिस्थिति हेर्दा हाम्रो मोटामोटी आँकलन के छ भने हाम्रो निर्वाचन प्रणाली र शासकीय स्वरूपका कारण कुनै एक पार्टीको बहुमत आउने सम्भावना अहिले पनि हामीले देखेका छैनौं,' उनले भने- 'हुने भनेको फेरि पनि त्रिशंकु संसद नै हो, हङ पार्लियामेन्ट नै हुने स्थिति हो र सबै-सबैले पनि यही नै आँकलन गरेको स्थिति छ ।'

क्रमशः अन्तिम पृष्ठमा

# चुनावको मुखैमा चार पूर्वप्रधानसेनापति किन हान्निए दिल्ली ?

## आरजु लागिन् दिल्लीतिर, देउवा उडे सिंगापुर

**काठमाडौं ।** गम्भीर परिस्थितिमा तोकिएको निर्वाचनको मुखैमा नेपाली सेनाका चारजना पूर्वप्रधानसेनापति र पूर्वप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा सिंगापुरतर्फ उडेका छन् भने उनकी पत्नी समेत रहेकी पूर्वपरराष्ट्रमन्त्री आरजु राणा दिल्लीतर्फ हान्निएकी छन् । यसैबीच बिहीबार मध्याह्न चारजना पूर्वप्रधानसेनापतिहरू एकैसाथ भारततर्फ उड्दा काठमाडौंको राजनीतिक वृत्त रङ्गित बनेको छ ।

मुलुक निर्वाचनमय बनिरहेको अवस्थामा पूर्वप्रधानसेनापतिहरू राजेन्द्र क्षेत्री र पूर्णचन्द्र थापा नेपाल एयरलाइन्सको काठमाडौं-दिल्ली उडानबाट बिहीबार दिउँसो पौने ३ बजे दिल्ली प्रस्थान गरे भने अर्का दुई पूर्वप्रधानसेनापतिहरू प्यारजंग थापा र गौरवसमशेर राणा समेत बिहानै ११:३० को उडानबाट एयर इण्डियामाफर्त दिल्लीतर्फ हान्निइसकेका थिए । भारतको नयाँदिल्लीमा आयोजना हुने पूर्वप्रधानसेनापतिहरूको 'चिफ्स कन्क्लेभ' मा सहभागी हुन पूर्वप्रधानसेनापतिहरू दिल्ली गएको नेपाली सेनाले जनाएको छ । गतवर्ष नेपालमा आयोजित 'आर्मी डे' का अवसरमा 'चिफ्स कन्क्लेभ' आयोजना गरिएको थियो । यसवर्ष १०औं चिफ्स कन्क्लेभमा सहभागी हुन चारजना पूर्वसेनापतिहरू भारत गएको नेपाली सेनाका प्रवक्ता (सहायकरथी) राजाराम बस्नेतले बताएका हुन् ।

२१ फागुनको निर्वाचनको पूर्वसन्ध्यामा कांग्रेसका निवर्तमान सभापति एवम् पूर्वप्रधानमन्त्री देउवा स्वास्थ्योपचारका लागि भन्दै बुधबार सिंगापुरतर्फ उडेका छन् । सिंगापुर एयरलाइन्सको उडान नम्बर एसक्यू ४४१ बाट सिंगापुरतर्फ लागेका पूर्वप्रधानमन्त्री देउवा निर्वाचनअघि स्वदेश फर्कने-नफर्कने यकिन छैन । यसअघि देउवा मतदान गर्न गृहजिल्ला जान सक्ने चर्चा चले पनि स्वास्थ्यमा समस्या देखिएपछि उनी सिंगापुरतर्फ लागेको दावी गरिएको छ । 'स्वास्थ्यमा समस्या देखिएपछि उहाँ सिंगापुर जानुभएको जानकारी पाएको छु तर उहाँ फर्कने मितिबारे भने मलाई जानकारी छैन'- कांग्रेसका प्रतिनिधिसभा सदस्यका उम्मेदवार नैनसिंह महरले भने ।

देउवासँग उनका स्वकीय सचिव भानु देउवा सिंगापुर गएका छन् । देउवापत्नी एवं पूर्वपरराष्ट्रमन्त्री डा. आरजु राणा भारतमा रहेका बेला देउवा भने सिंगापुरतर्फ

क्रमशः अन्तिम पृष्ठमा

# नेपालमा एमसीसी : पूर्वप्राक्कथन

### समय- सन्देश

*लीलामणि पोखरेल*

नेपाल र संयुक्त राज्य अमेरिकाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७५ वर्ष (सन् १९४८) भइसकेको छ । अमेरिकाका लागि नेपालसँगको कूटनीतिक सम्बन्ध निकै दूरगामी महत्त्वको रहेको कुरा अमेरिकी राज्यसत्तालाई राम्रोसँग थाहा थियो । त्यसैले सानो तथा गरिब मुलुक नेपाल भएर पनि कूटनीतिक सम्बन्ध स्थापना गर्नु र आर्थिक लगानी गर्नु आवश्यक मानिन्थ्यो । दुई फरक–फरक राजनीतिक प्रणाली भएका, विश्व राजनीति, अर्थ व्यवस्था, सुरक्षा प्रणाली र शक्ति सन्तुलनमा निकै महत्त्वपूर्ण प्रभाव पार्न सक्ने दुई ठूला देशहरूको बीचमा नेपालको अवस्थितिले रणनीतिक महत्त्व राख्दथ्यो ।

प्रथम विश्वयुद्धको समाप्तिसँगै समाजवादी रूसको उदय भयो । यसले उत्पीडित राष्ट्रहरु, स्वाधिनता एवम् स्वतन्त्रताको मुक्ति आन्दोलनमा सङ्लग्न राष्ट्र र जनता तथा आन्तरिक लोकतन्त्र तथा शोषण–उत्पीडनमा परेका जनताका निम्ति उत्साह र उत्प्रेरणा प्रदान गर्‍यो । युरोप, अमेरिका, एसिया तथा अन्य महादेश समेतका पुँजीवादी एवम् साम्राज्यवादी नीति अवलम्बन गरेका राष्ट्र र सत्ताका लागि नयाँ चुनौती खडा भयो । विश्व बिस्तारै पुँजीवादी र समाजवादी ध्रुवमा विभाजित हुन थाल्यो । द्वितीय विश्वयुद्धको समाप्तिसँगै युरोप र एसियाका कयौं देशहरूमा समाजवादी राज्यसत्ताको स्थापना भयो । सन् १९४९ को चिनियाँ क्रान्तिको सफलतासम्म आइपुग्दा विश्व सामन्ती तथा पुँजीवादी सत्ताविरूद्ध शक्तिशाली समाजवादी आर्थिक–सामाजिक रूपान्तरणको सङ्घर्षले तीव्रता पायो । विश्व स्पष्टरूपमा दुई ध्रुवमा विभक्त हुन थाल्यो र पुँजीवादी राष्ट्रहरूमा एक प्रकारको हडबडाहट पैदा हुन थाल्यो । पुँजीवादी राष्ट्रहरूबीचमै पनि व्यापारिक क्षेत्र विस्तार एवम् शक्ति–

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- ३०, फागुन १५ गते शुक्रबार, २०८२

## सम्पादकीय

# प्रचण्ड-माधवसहितका दर्जनौं घटकबीच 'एकता' को परीक्षा

विभिन्न वामपन्थी घटक र व्यक्तिहरू मिलेर केही अघि मात्र पूर्वमाओवादी सुप्रिमो प्रचण्डको नेतृत्वमा नेपाली कम्युनिस्ट पार्टीको पुनर्गठन भएको छ। अनेकौं घटक, समूह र व्यक्तिहरूका बीचको यो 'एकता' साँच्चैको एकता हो कि राजनीतिक स्वार्थसिद्धिका निम्ति केही व्यक्तिहरूको एउटा खास पार्टीमा भएको 'पार्टी प्रवेश' मात्रै हो भन्ने कुरा आसन्न निर्वाचनमा सो पार्टीले प्राप्त गर्ने जनमतबाट पुष्टि हुनेछ।

पुष्पकमल दाहाल नेतृत्वको नेकपा (माओवादी केन्द्र) र माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) बीच पार्टी एकता भएर नेपाली कम्युनिस्ट पार्टी गठन भएयता पटक-पटक गरी उक्त पार्टीमा दुई दर्जन आसपासका स-साना घटक तथा अन्य पार्टीबाट टुक्रिएका समूह र कतिपय व्यक्ति-व्यक्तित्वहरू समाहित भएका छन्। बाहिरबाट हेर्दा माधव नेपाल नेतृत्वको नेकपा (एस) को एउटा हिस्साबाहेक अरु सवै नै अरुअरु पार्टी छाडेका कार्यकर्ताहरूले नेकपामा गरेको प्रवेश भन्दा बढी केही पनि देखिँदैन। तर, स्वयम् प्रचण्ड-माधवसहित समग्र पार्टीपङ्क्तिले 'दर्जनौं पार्टीहरूबीचको पार्टी एकता' भनिरहेका छन्।

विश्वदृष्टिकोण, दर्शन, सिद्धान्त, रणनीति, कार्यनीति र कार्यक्रममा एकरूपता देखिएमा, जनवादी केन्द्रीयताका आधारमा सुव्यवस्थित पार्टी र सङ्गठनहरू गतिवान् एवम् चलायमान भएमा अनि चुनाव या कुनै पनि राष्ट्र्व्यापी रूपान्तरणकारी सङ्घर्षमा श्रेष्ठता हासिल गरेमा त्यो 'एकता' लाई एकता मान्न सकिन्छ, अन्यता सकिँदैन। त्यसको प्रारम्भिक परीक्षण आसन्न २१ फागुनको मध्यावधि आमचुनावमा हुने नै छ।

## नेपालमा एमसीसी...

अहङ्कारले तीव्रता लियो । चिनियाँ क्रान्ति (१९४९) पछि झन्डै-झन्डै विश्वको एक तिहाईभन्दा ज्यादा जनमत समाजवादी राज्य व्यवस्थाको हिमायती बन्यो । यसले पुँजीवादी खेमामा झन् ठूलो त्रास पैदा गरिदियो । आजभन्दा दुई सय वर्ष अगाडि फ्रान्सेली बादशाह नेपोलियन बोनापार्टले भनेको थिए- "चीन एउटा सुतिरहेको दैंत्य हो, त्यसलाई सुतिरहन दिनुपर्छ; जब त्यो ब्युँझने छ, त्यसले विश्वलाई हल्लाइदिने छ ।" सन् १९४९ मा ब्युँझिएको चीन एक्काईसौं शताब्दीको प्रारम्भदेखि नै विश्व पुँजीवाद एवम् साम्राज्यवादका लागि आर्थिक विकास, सैन्य शक्ति, प्राविधिक विकास र विश्व ध्रुवीकरणको स्थितिमा झन्डै अपराजेय शक्ति बनिरहेको छ र गम्भीर चुनौतीका रूपमा खडा भएको छ ।

खास गरी सन् १९१७ पछि समाजवादी आन्दोलनको धुरीका रूपमा अगुवा राष्ट्र सोभियत रूस बन्यो । सन् १९४९ को चिनियाँ क्रान्तिपछि विश्वव्यापी रूपमा समाजवादी धाराको प्रभाव व्यापक रूपमा बढेर गयो । सन् १९५७ पछि रूस र चीनका बीचको सैद्धान्तिक विवादले समाजवादी खेमा विभाजित भयो । विश्व शक्तिको होडबाजीमा अमेरिका र रूसका बीच प्रतिद्वन्द्विता रहिरह्यो । त्यसले विश्वयुद्धको रूप लियो । थुप्रै देशहरूमा अमेरिका-रूसका बीच 'प्रोक्सी वार' भए तर रूस-अमेरिका आमने-सामने भएनन् । चीन-रूसबीचको सैद्धान्तिक विवादपछि आफ्नो आर्थिक विकास, राष्ट्रिय एकता र सुरक्षा व्यवस्था बलियो बनाउनेमा लाग्यो । सन् १९९० को दशकमा सोभियत युनियन (रूस) को विघटनपछि विश्व पुँजीवादी साम्राज्यवाद प्रतिरोधी शक्तिका रूपमा चीन बन्न पुग्यो । आजको भूमण्डलीय राजनीतिमा सन् २००० पछि चीन र अमेरिकाबीच प्रतिद्वन्द्विताको स्थिति देखा परेको छ । अमेरिका-रूसबीच शीतयुद्धको अवस्थामा अमेरिकी वा रूसी गुटमा सामेल हुन नचाहेका राष्ट्रहरूले सन् १९६१ मा असङ्लग्न आन्दोलनको सुरूआत गरेका थिए । नेपाल उक्त अभियानको प्रारम्भिक चरणमै सङ्लग्न रहेको हो । आज त्यो अभियान मृतप्रायः बन्न पुगेको छ । असङ्लग्न आन्दोलनकै लघु रूपमा आर्थिक विकासका लागि क्षेत्रीय सहयोग सञ्चालन गर्ने नाममा 'दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (South Asian Association of Regional Cooperation)-सार्क' नामक संस्था ८ डिसेम्बर, १९८५ मा निर्माण भएको हो । उक्त संस्था पनि असङ्लग्न आन्दोलनको एक संस्थापक राष्ट्र भारतको महत्त्वाकाङ्क्षा, क्षेत्रीय प्रभुत्ववादी आचरण तथा पाकिस्तानसँगको प्रतिद्वन्द्विताका कारण विघटनको सङ्घारमा पुगेको छ । भारतकै सङ्लग्नतामा, अमेरिकी नेतृत्वमा सन् २००७ मा चतुर्भजीय सुरक्षा सम्वाद (Quadrilateral Socurity Dialogue -क्वाड) तथा सन् २०१७ मा अमेरिकी विश्व सुरक्षा रणनीतिको उद्देश्य पूरा गर्न र चीन विरूद्धको घेराबन्दीका लागि 'हिन्द-प्रशान्त रणनीति' (Indo-Pacific Strategy - IPS) नामक अन्तर्राष्ट्रिय सैनिक गठबन्धन बनेको छ । आफ्नै संविधान, पञ्चशीलका सिद्धान्तमा आधारित परराष्ट्र नीति, असङ्लग्नता विपरीत नेपाल आईपीएसको सदस्य राष्ट्र बन्न पुगेको छ । सन् २०१८ को अन्त्यतिर नेपालले आईपीएसमा सङ्लग्नताको स्वीकृति जनाएको हो । आईपीएसको सदस्य बन्नुले नेपाल अमेरिकी ध्रुवमा तानिँदै गएको महसुस भएको छ । उत्तरतर्फ विशाल जनसङ्ख्या र विश्वकै शक्ति राष्ट्र बन्दै गएको विशाल चीन र पूर्व-पश्चिम तथा दक्षिणतर्फ महाशक्ति राष्ट्र बन्ने महत्त्वाकाङ्क्षा बोकेको विशाल जनसङ्ख्या र भूगोल भएको राष्ट्र भारतको बीचमा नेपालको अवस्थितिले भूमण्डलीय राजनीति र सुरक्षा रणनीतिका लागि शक्ति प्रयोगका निम्ति रणनीतिक महत्त्व राख्दछ । त्यसैले नेपालको भूगोल र यहाँका राजनीतिक शक्तिहरूलाई अनुकूलतामा लैजान अमेरिकाको तीव्र दबाव भइरहेको छ । तिनै दबावस्वरूप धम्की, प्रलोभन, 'सहयोग' कूटनीति, कूटनीतिक सम्बन्धमा पुनर्विचार, शान्ति प्रक्रिया बिथोल्नेसम्मका अशिष्ट गतिविधि भएको सहजै महसुस गर्न सकिन्छ । पुगनपुग तीन करोड जनसङ्ख्या भएको सानो देश, पछौटे अर्थतन्त्र, भूपरिवेष्ठित अवस्थाको बाध्यात्मक स्थितिमा सानो मुलुकमाथि ठूलो रणनीतिक दाउपेच गरेर सम्झौता गर्ने, द्वन्द्वको चेपुवामा पार्ने र पर्नुको कारण नै मिलेनियम च्यालेन्ज सम्झौताको गुह्य कुरा हो । चीन अमेरिकाका लागि मुख्य भूमण्डलीय प्रतिद्वन्द्वी बनेका कारण नै त्यसका विरूद्ध सङ्घर्षका लागि आधारभूमि निर्माण गर्ने र रणनीतिक भूमिका खेल्ने उद्देश्यले 'आर्थिक सहयोग' को माध्यमबाट आफ्नो अनुकूल बनाउन र रणनीतिक लक्ष्य हासिल गर्न तथा नेपाली भूमि दुरूपयोग गरेर चीन विरूद्धका गतिविधि गर्न तथा दक्षिणपूर्वी एसियामा निगरानी बढाउने केन्द्र बनाउने उद्देश्य रहेको देखिन्छ ।

आज चीन र अमेरिकाबीच शीतयुद्धको अवस्था छ । त्यसैगरी, चीन र भारतका बीच पनि विवाद छन् । दुवै देशसँग नेपालको लामो सीमाना जोडिएको छ । चीनको बढ्दो शक्ति र तीव्र विकास तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पनि बढ्दै गएको सम्बन्ध एवम् आर्थिक कारोबारले अमेरिकी अर्थतन्त्रमा समेत चुनौती खडा भएको छ । शक्तिको प्रतिस्पर्धा र एक-अर्काबीचका चेतावनीपूर्ण भाषा-अभिव्यक्तिले अमेरिका प्रतिस्पर्धात्मक बन्नुपर्ने स्थितिले चीनलाई घेराबन्दी गर्न लागिपरेको अवस्थामा 'हिन्द-प्रशान्त रणनीति (Indo-Pacific Strategy - IPS)' बनेको हो । चीन पनि महाशक्ति राष्ट्र बन्ने दिशामा छ भने भारतको पनि दक्षिणपूर्वी एसियामा महाशक्ति राष्ट्र बन्ने महत्त्वाकाङ्क्षा रहेको देखिन्छ । अमेरिकी नेतृत्वमा बनेको आईपीएसमा भारत, अष्ट्रेलिया र जापानले साथ दिएका छन् । अमेरिकी सुरक्षा रणनीतिमा बनेको आईपीएस मातहत भएका मिलेनियम च्यालेन्ज कर्पोरेसनबाहेक सोफा (Status of Force Agreement - SOFA), अक्सा (Acquisition and Cross Servicing Agreement - ACSA), एसपीए (State Partnership Agreement - SPA) र एसपीपी (State Partnership Programme - SPP) हुन् । 'सोफा' सम्झौता भएका मुलुकमा अमेरिकी सेनाले प्रयोग गर्ने असीमित अधिकारहरु रहेका हुन्छन् । यसमा अमेरिकासँग सम्झौता गरेका मुलुकका सवै क्षेत्रमा अमेरिकी सेनाको आधिपत्य रहन्छ । त्यसैगरी, 'अक्सा' सम्झौतामा युद्ध सामग्री र अन्य बन्दोबस्तीका सामानको ओसारपसार गर्ने छुट रहन्छ । एमसीसी सम्झौता कथित अनुदान प्राप्त गरेर देशको अस्मिता लुटाउने र एसपीपी सम्झौतामा मुलुकभित्र विदेशी सेना राखेर देशको सार्वभौमिकता समाप्त पार्ने काम हुन्छ । त्यसमा कुनै खास मुलुकभित्र विदेशी सेनाको अखडा बनाएर अन्य मुलुकका विरूद्ध सैनिक जासुसी तथा युद्ध अभ्यास गरिन्छ । त्यही प्रकारको अभ्यास गर्न नेपालको सरकारले पनि अनुमति दिएको थियो । यसरी एमसीसीसँगको सम्झौतासँगसँगै राष्ट्रिय अस्मितामाथि आँच आउने सम्झौताको पासोमा नेपाल पर्दै गएको छ । त्यसैले राष्ट्रिय सार्वभौमिकता तथा अस्मिताका विरूद्ध हुने तथा भइसकेका सम्झौताले गर्दा देशको स्वाभिमान, आत्मनिर्णय गर्ने अधिकार र राष्ट्रिय सार्वभौमिकता कमजोर हुँदै गएको छ । सन् १८१६ मा भएको सुगौली सन्धिले देशको भूभाग टुक्रियो । सन् १९५० मा भारतसँग गरिएको सम्झौताले एकातिर असमानता देखिएको छ भने अर्कातिर उक्त सन्धिको धारा ८ (यसअघि ब्रिटिस सरकारसँग भएका सवै सन्धिहरु खारेज हुनेछन्) मा उल्लेखित प्रावधान लागू हुन सकेन । त्यस्तै अरू पनि असमान सन्धिहरु भएका छन् । एमसीसी यस्ता अपमानजनक सम्झौताको पछिल्लो कडी हो ।

एमसीसी सम्झौताका हिमायतीहरु भन्ने गर्छन्- आजको खुला बजार अर्थतन्त्रको समयमा नवउदारवादी अर्थव्यवस्था अङ्गीकार नगरिकन मुलुकको आर्थिक स्थितिको सुधार वा समृद्धि हासिल गर्न असम्भव छ । त्यसैले यो नीति लागू गर्नु अनिवार्य छ । त्यसैले यस्ता सम्झौताहरूमा दाताका सर्तहरु स्वीकार्नु अनिवार्य हुन्छ । विश्व साम्राज्यवादले आज शोषणको नयाँ रूप अङ्गीकार गरेका पुँजीवादी-साम्राज्यवादीहरूले उदार अर्थतन्त्रको वकालत गर्दा गर्दै आफ्नो मुलुकमा संरक्षणवादको नीति लागू गर्न थालेका छन् तर अरूमा भने राजनीतिक-आर्थिक क्षेत्रमा हस्तक्षेपकारी नीति अख्तियार गरेर उपनिवेशीकरण गरेका छन् ।

एमसीसीसँगको सम्झौताका सम्बन्धमा भएको विरोधलाई निस्तेज पार्न 'बीचको बाटो' भनेर भियना कन्भेन्सन, १९६९ को दफा ३१ को आधारमा 'व्याख्यात्मक घोषणा' संसद्‌बाट पारित गरेर सम्झौता पारित गरिएको थियो । 'व्याख्यात्मक घोषणा' ले सम्झौताकारी पक्षले सम्झौतालाई अनुभूत गर्ने बाहेक अर्को केही अर्थ राख्दैन किनकि त्यसको कानुनी हैसियत प्राप्त गर्न दुवै पक्षको सहमति आवश्यक हुन्छ । एमसीसी सम्झौतामा त्यस्तो हुन सकेन । अमेरिकी पक्षले 'व्याख्यात्मक घोषणा' लाई कुनै मान्यता दिएको छैन; अपितु, संसद्‌बाट सम्झौता (जस्ताको तस्तै) पारित गरिएको विषयलाई मात्र स्वीकार गरेको छ ।

अन्त्यमा, सम्झौताका सम्बन्धमा मुलुकको संविधान, कानुन, अन्तर्राष्ट्रिय सम्बन्ध नीति, आन्तरिक शासन व्यवस्था र सिद्धान्त, देशभित्रको सामाजिक सम्बन्ध, राष्ट्रिय अर्थव्यवस्था तथा आर्थिक नीतिमा पार्ने प्रभाव, आर्थिक नियम-विधि, मुलुकको सुरक्षा र सार्वभौमिकता, राज्य सञ्चालनका संरचना, राष्ट्रको अस्मिता आदिकै विरूद्धमा लादिएको तथा थुप्रै प्रावधानहरु राष्ट्रिय हितविपरीत देखिएकाले सम्झौताको नियत नै राष्ट्रिय हित प्रतिकूल भएको कुरा उजागर गर्ने प्रयत्नस्वरूप यस सामग्रीलाई पुस्तकाकार स्वरूप दिइएको हो । सम्झौताले बोकेको तर लुकेको कुरा नै सम्झौताको मूल उद्देश्य हो । तिनै कुरा उजागर होऊन् भन्ने चाहनास्वरूप यो प्रयत्न गरिएको हो । यहाँ एउटा पक्ष प्रस्तुत गरिएको छैन, त्यो हो- नेपाली भूमिमा लुकेको अत्यन्तै महत्त्वपूर्ण खनिज पदार्थ युरेनियमको भण्डारमा पनि अमेरिकाले आँखा गाडेको छ । मलाई थाहा छ, पुस्तक प्रकाशित भएपछि केहीले भन्नेछन्- 'विकास विरोधी अन्धराष्ट्रवादी सोच ।' अथवा, भन्नेछन्- 'विदेशी लगानी विना देशको समृद्धि कसरी सम्भव छ ? र, समृद्धि विनाको देशको औचित्य के ?' हामीलाई के विश्वास छ भने राष्ट्रिय अस्मिता बेचेर 'विलासितापूर्ण' जीवन जिउनुभन्दा स्वाभिमानी मृत्यु गौरवपूर्ण हुन्छ । राष्ट्रको विकास आयातीत सम्पत्तिबाट भन्दा आफ्नै स्रोत परिचालन, प्रविधिको आयात, राष्ट्रनिर्माणमा जनसहभागिता, आन्तरिक पुँजीको व्यवस्थापन, पारदर्शिता, भ्रष्टाचार शून्यता, प्रतिबद्ध राष्ट्रिय सरकार, वस्तुगत योजना तर्जुमा आदिबाट मात्र सम्भव छ । एमसीसीका पक्षधरहरूले अझ अगाडि बढेर भन्न सक्छन्- 'नवउदारवाद आजको आर्थिक विकासका लागि विश्वव्यापी जीवनश्रृङ्खला हो, त्यसबाट अछुतो रहन सकिँदैन ।' तर, त्यसको एउटै उत्तर छ- राष्ट्रिय स्वाधिन अर्थतन्त्रको विकास विनाको समृद्धिको अपेक्षा उपनिवेश स्वीकार्नु नै हुन्छ ।

एमसीसी सम्झौताले आधुनिक उपनिवेशवादी नीति अख्तियार गरेको छ । गतकालमा कतिपय मुलुकसँग गरिएका सम्झौताहरूबारे टिप्पणी हुँदा सम्झौताकारी पक्षले 'राष्ट्रिय हितमा भएको' भन्ने स्पष्टीकरण दिइरहँदा कालान्तरमा त्यस्ता सम्झौता राष्ट्रिय हित प्रतिकूल ठहरिएका छन् र देशले नै पछुताउनुपर्ने अवस्था आइपरेको छ । एमसीसी सम्झौताका सम्बन्धमा पनि पक्ष र विपक्षको विवाद, राष्ट्रिय हित र अहितको कुरामा देश विभाजित भइरहँदा पनि संसद्‌बाट पारित हुनुले सिक्किमको बिलय पनि त्यहाँको संसद्‌ले नै गरेको थियो भन्ने सम्झनालाई ताजा गराउँछ ।

# एमालेको झण्डा जलाएको आरोपमा थप दुई पक्राउ

**काठमाडौं** । दाङस्थित तुलसीपुरमा नेपाल कम्युनिस्ट पार्टी (एमाले)को झण्डा जलाएको आरोपमा थप दुई जनालाई पक्राउ गरिएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रेशम बोहराले तुलसीपुर उपमहानगरपालिका-४ हलवार निवासी ३० वर्षीय रमेश राना मगर र तुलसीपुर-६ गाइडहर निवासी २४ वर्षीय विक्रम परियारलाई शनिबार पक्राउ गरिएको जानकारी दिएका हुन्।

सोही प्रकरणमा गत शुक्रबार तुलसीपुर-७ कालाखोला निवासी ५५ वर्षीय बुद्धिबहादुर बस्नेतलाई पक्राउ गरिएको थियो। प्रहरी नायब उपरीक्षक बोहराले झण्डा जलाउने कार्यमा संलग्न तीन जनालाई पक्राउ गरेर अनुसन्धान थालिएको र अन्य सम्भावित व्यक्तिहरूको खोजी भइरहेको जानकारी दिए।

दाङको घोराहीमा हुने कार्यक्रममा सहभागी हुन राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र नेता बालेन्द्र शाह आउने खबर पाएपछि दाङ तुलसीपुरको वीरेन्द्र चोकमा भेला भएका समर्थकाहरूको भिडमा झण्डा जलाएको उक्त कार्यको एमालेले विरोध गर्दै आएको छ।

# प्रधानसेनापति सिग्देलद्वारा निर्वाचन सुरक्षाकेन्द्रित छलफल

**काठमाडौं** । प्रधानसेनापति अशोकराज सिग्देलले बिहीबार कैलालीको तेघरीस्थित सुदूरपश्चिम पृतनामा आसन्न निर्वाचनको विषयमा प्रदेश सुरक्षा संयन्त्रसित छलफल गरेका छन्।

प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षा व्यवस्थापन सुदूरपश्चिम पृतनाको निरीक्षणका क्रममा प्रधानसेनापति सिग्देलले निर्वाचन सुरक्षालाई त्रुटीरहित ढंगबाट सम्पन्न गर्न निर्देशन दिएका हुन्। छलफलपछि उनले मातहतका युनिटलाई निर्देशन दिएको सुदूरपश्चिम पृतनाले बताएको छ।उक्त छलफलमा कैलाली र कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीको समेत सहभागिता रहेको थियो। सुदूरपश्चिममा निर्वाचन सुरक्षालाई ध्यानमा राख्दै सेनाले कारागार र विमानस्थलका साथै धनगढीस्थित आयल निगमको डिपोको सुरक्षा जिम्मेवारी लिइसकेको छ।

सुदूरपश्चिमका नौ वटै जिल्लामा सेनाले गस्ती बढाउनुका साथै निर्वाचनका लागि सबै किसिमका तयारी गरेको जनाएको छ। प्रधानसेनापति सिग्देलले बुधबारै सुर्खेतस्थित उत्तर-पश्चिम पृतनाको समेत निरीक्षण गर्ने कार्यक्रम रहेको नेपाली सेनाले बताएको छ।

## निर्वाचन आयोग

### प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन, २०८२ का लागि प्रकाशित उम्मेदवारको अन्तिम बन्दसूची

राजनीतिक दलको नामः राष्ट्रिय स्वतन्त्र पार्टी

| क्र.सं. | बन्दसूची को क्रम | पूरा नाम थर (बन्दसूची अनुसार) | लिङ्ग | उमेर | पिता/माताको नाम | पति/पत्नीको नाम | बाजेको नाम | मतदाता नम्बर | मतदाता भएको जिल्ला | समावेशी समूह (बन्दसूची अनुसार) | पि.क्षे. | अपाङ्गता | समावेशी समूह भित्र लिङ्ग अनुसारको प्रा.क्रम | पि.क्षे. भित्रको प्रा.क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४ | वसुमाया तामाङ | महिला | ५४ | बुद्धि सिंह तामाङ/ बी माया तामाङ | गोरे बहादुर तामाङ | छे नर्भु तामाङ | ५४२९५११ | काठमाडौं | आदिवासी जनजाति | | | १ | |
| २ | १५ | गंगा छन्त्याल | महिला | ३५ | कुले छन्त्याल/ सुबित्रा छन्त्याल | सेते तामाङ | दले छन्त्याल | २६०२४९०३ | बाग्लुङ | आदिवासी जनजाति | | | २ | |
| ३ | १६ | सुम्निमा उदास | महिला | ४५ | भीम कृष्ण उदास/ रञ्जना उदास | | राम बहादुर उदास | १७६४६०१२ | ललितपुर | आदिवासी जनजाति | | | ३ | |
| ४ | १७ | अनुष्का श्रेष्ठ | महिला | २९ | अनिल श्रेष्ठ/ मुक्ता श्रेष्ठ | | भक्त बहादुर श्रेष्ठ | २६६०३१३९ | काठमाडौं | आदिवासी जनजाति | | | ४ | |
| ५ | १८ | ओजश्वी शेरचन | महिला | ४१ | जीवन बहादुर शेरचन/ सरला शेरचन | | लक्ष्मी बहादुर शेरचन | ६०१८८७९ | काठमाडौं | आदिवासी जनजाति | | | ५ | |
| ६ | १९ | सिर्जना श्रेष्ठ | महिला | ४५ | मुरारी लाल श्रेष्ठ/ पार्वती श्रेष्ठ | राहुल लाल श्रेष्ठ | कन्चन लाल श्रेष्ठ | २३०२१५३५ | काठमाडौं | आदिवासी जनजाति | | | ६ | |
| ७ | २० | रजनी श्रेष्ठ | महिला | ४४ | नारायण श्रेष्ठ/ कृष्ण श्रेष्ठ | समिर श्रेष्ठ | नर बहादुर श्रेष्ठ | १४९६९७३५ | मोरङ | आदिवासी जनजाति | | | ७ | |
| ८ | २१ | कुशुम महर्जन | महिला | ४६ | शंकर महर्जन/ मैया महर्जन(तुलाधर) | महेश कुमार कारंजित | श्री महर्जन | ५३५३७७३ | भक्तपुर | आदिवासी जनजाति | | | ८ | |
| ९ | २२ | भुमिका श्रेष्ठ | महिला | ३७ | कुमार श्रेष्ठ/ नुमाया श्रेष्ठ | | हीरा श्रेष्ठ | २५४६७८८ | काठमाडौं | आदिवासी जनजाति | | | ९ | |
| १० | २३ | प्रमिला कुलूजु | महिला | ४८ | आशामरु कुलुजु/ ललिता केशरी कुलुजु | सुशिला प्रधान | काजीमान कुलुजु | २७०७४६८३ | काठमाडौं | आदिवासी जनजाति | | | १० | |
| ११ | २४ | सुजाता तामाङ | महिला | ३९ | बलराम वैध तामाङ/ डम्बर कुमारी तामाङ | | धन बहादुर तामाङ | १७८५२३९० | संखुवासभा | आदिवासी जनजाति | | | ११ | |
| १२ | २५ | कृपा महर्जन | महिला | ३६ | कृष्ण मान महर्जन/ रचना महर्जन | | देरा नारायण महर्जन | ४२२०९४० | काठमाडौं | आदिवासी जनजाति | | | १२ | |
| १३ | २६ | एलिजा गुरुङ | महिला | ३० | कामी रामा गुरुङ/ श्री माया गुरुङ | - - - | जित मान गुरुङ | १९५७७५०५ | गोरखा | आदिवासी जनजाति | | | १३ | |
| १४ | २७ | जिना विष्ट | महिला | ३० | जितेन्द्र विष्ट/ ईन्जु विष्ट | | पुरुषोत्तम विष्ट | १५८०४७०५ | मकवानपुर | आदिवासी जनजाति | | | १४ | |
| १५ | २८ | विष्णु कुमारी गुरुङ | महिला | ६२ | कर्म बहादुर गुरुङ/ हीरा गुरुङ | जस बहादुर गुरुङ | बहादुर सिह गुरुङ | २१२८८११३ | कास्की | आदिवासी जनजाति | | | १५ | |
| १६ | २९ | मीरा महर्जन | महिला | ४४ | नारायण दास महर्जन/ माया महर्जन | विनोद ताम्राकार | जीत दास महर्जन | २५१९०७१ | काठमाडौं | आदिवासी जनजाति | | | १६ | |
| १७ | ३० | निर्मला खिम्दिङ | महिला | ३७ | दिल बहादुर लाबुङ/ बुध रानी लाबुङ | नारायण प्रसाद खिम्दिङ | मैत राज लाबुङ | ३७१९६७ | ताप्लेजुङ | आदिवासी जनजाति | | | १७ | |
| १८ | ३१ | गीता सिक्राकार | महिला | ५५ | कान्छा तामाङ्ग/ कान्छी तामाङ्ग | राजु रत्न सिक्राकार | रोलु तामाङ्ग | २५३७६२० | काठमाडौं | आदिवासी जनजाति | | | १८ | |
| १९ | ३२ | उमा घले तामाङ | महिला | ३८ | सिंग बहादुर घले/ कुमारी माया घले | सुरेन्द्र तामाङ | म्लाङतुङ बहादुर घले | २६३५४१२ | नुवाकोट | आदिवासी जनजाति | | | १९ | |
| २० | १ | राम लामा | पुरुष | ३६ | च्याङबा तामाङ/ कमिस्या तामाङ | | मान बहादुर लामा | ५८१४६५० | काभ्रेपलाञ्चोक | आदिवासी जनजाति | | | १ | |
| २१ | २ | खुश्बु सरकार श्रेष्ठ | पुरुष | ६२ | कृष्ण मान श्रेष्ठ/ रत्नेश्वरी श्रेष्ठ | समिना श्रेष्ठ | संकर मान श्रेष्ठ | ५७१५४०३ | ललितपुर | आदिवासी जनजाति | | | २ | |
| २२ | ३ | मिङमा ग्याबु शेर्पा | पुरुष | ३६ | छेतेन शेर्पा/ फुटी शेर्पा | | फुपु छिरिङ शेर्पा | ३०९४२०३७ | ताप्लेजुङ | आदिवासी जनजाति | | | ३ | |
| २३ | ४ | मनोहर प्रधान | पुरुष | ५३ | जवाहर लाल प्रधान/ विद्या देवी प्रधान | संगिता शर्माभण्डारी | धम नारायण प्रधान | ३०१९८९२१ | चितवन | आदिवासी जनजाति | | | ४ | |
| २४ | ५ | ज्ञानेन्द्र मल्ल | पुरुष | ३९ | राम कृष्ण मल्ल/ श्री माया मल्ल | | शंकर मान सिंह मल्ल | ४२१०४८४ | काठमाडौं | आदिवासी जनजाति | | | ५ | |
| २५ | ६ | सुनिलभक्त श्रेष्ठ | पुरुष | ६४ | ईश्वर भक्त श्रेष्ठ/ कमल देवी श्रेष्ठ | हिताय श्रेष्ठ | बिष्णु भक्त श्रेष्ठ | २२४६२५०९ | काठमाडौं | आदिवासी जनजाति | | | ६ | |
| २६ | ७ | भूमि बहादुर गुरुङ | पुरुष | ५४ | मन बहादुर गुरुङ/ देवु गुरुङ | नान गुरुङ | कृष्ण बहादुर गुरुङ | २०७२७२१८ | स्याङजा | आदिवासी जनजाति | | | ७ | |
| २७ | ८ | विश्व राई | पुरुष | ३६ | रंग लाल राई/ भीमा देवी राई | | कर्ण वहादुर राई | १७७३८६२८ | धनकुटा | आदिवासी जनजाति | | | ८ | |
| २८ | ९ | आयुष मानन्धर | पुरुष | २७ | विनय कुमार मानन्धर/ जुनु उप्रेती मानन्धर | | बुद्धि नारायण मानन्धर | ३०३२१२७५ | मोरङ | आदिवासी जनजाति | | | ९ | |
| २९ | १० | सोम बहादुर लालचन | पुरुष | ६२ | सुन बहादुर लालचन/ छिमश्याम लालचन | विमा लालचन | धम्पती लालचन | २११६६८९२ | काठमाडौं | आदिवासी जनजाति | | | १० | |
| क्र.सं. | बन्दसूची को क्रम | पूरा नाम थर (बन्दसूची अनुसार) | लिङ्ग | उमेर | पिता/माताको नाम | पति/पत्नीको नाम | बाजेको नाम | मतदाता नम्बर | मतदाता भएको जिल्ला | समावेशी समूह (बन्दसूची अनुसार) | पि.क्षे. | अपाङ्गता | समावेशी समूह भित्र लिङ्ग अनुसारको प्रा.क्रम | पि.क्षे. भित्रको प्रा.क्रम |
| ३० | ११ | मानकाजी श्रेष्ठ | पुरुष | ६६ | दान बहादुर श्रेष्ठ/ पदम कुमारी श्रेष्ठ | मुना श्रेष्ठ | पहल मान श्रेष्ठ | ०८९०६५०८ | तनहुँ | आदिवासी जनजाति | | | ११ | |
| ३१ | १२ | खर्क बहादुर बुरा | पुरुष | ६२ | रण बहादुर बुरा/ अमनी बुढा | लीला वती बुढा | गुमुस्ते बुरा | १३५३१९०३ | सल्यान | आदिवासी जनजाति | | | १२ | |
| ३२ | १३ | मनोज राजवंशी | पुरुष | ३९ | जलसुन्दर राजवंशी/ वाना राजवंशी | निलम दनुवार | पप्पलाल राजवंशी | २०५३७५२६ | झापा | आदिवासी जनजाति | | | १३ | |
| ३३ | ४८ | प्रतिभा रावल | महिला | ३२ | दिर्घ बहादुर रावल/ माया रावल | प्रैम नारायण अर्याल | बल बहादुर रावल | ३००१४०७० | कञ्चनपुर | खस आर्य | | | १ | |
| ३४ | ४९ | रचना खतिवडा खत्री | महिला | ५१ | गणेश खत्री/ पार्वती खत्री | पुरुषोत्तम खतिवडा खत्री | धर्म बहादुर खत्री | १४२८९०१४ | काभ्रेपलाञ्चोक | खस आर्य | | | २ | |
| ३५ | ५० | लिमा अधिकारी (आचार्य ) | महिला | ५१ | भरत मोहन अधिकारी/ सविता अधिकारी | सुदिप आचार्य | राम चन्द्र अधिकारी | १७७६२९६९ | काठमाडौं | खस आर्य | | | ३ | |
| ३६ | ५१ | विधुषी राणा | महिला | ४९ | प्रेम कुमार उपाध्याय/ सोफी उपाध्याय | अमिर प्रताप ज.ब.राणा | काली प्रसाद उपाध्याय | २६२५२३९८ | काठमाडौं | खस आर्य | | | ४ | |
| ३७ | ५२ | समिक्षा बास्कोटा | महिला | ४१ | दिपक प्रकाश बास्कोटा/ डम्मर कुमारी बास्कोटा | अनुप मंगल समाल | कर्ण खर बास्कोटा | ५४९७२७९ | काठमाडौं | खस आर्य | | | ५ | |
| ३८ | ५३ | श्रद्धा कुवर क्षेत्री | महिला | २७ | गुमान सिं कुवर/ दुर्गा थापा कुवर | | टिका बहादुर कुवर | २०२२२८३५ | रूपन्देही | खस आर्य | | | ६ | |
| ३९ | ५४ | टीका संग्रौला | महिला | ४१ | बिष्णु कुमार संग्रौला/ गंगा देवी संग्रौला | हिमाल प्रसाद उपाध्याय | लक्ष्मी प्रसाद संग्रौला | २६३३३४३५ | अछाम | खस आर्य | ✓ | | ७ | १ |
| ४० | ५५ | क्रान्तिशिखा धिताल | महिला | २९ | राजेश धिताल/ लिला आचार्य | | रुद्रमणी धिताल | १६३०८९४८ | दाङ | खस आर्य | | | ८ | |
| ४१ | ५६ | आकृति अवस्थी | महिला | २६ | चेत राज अवस्थी/ अम्रापती देवी अवस्थी | - - | उद्धब राज अवस्थी | २१५१९६६४ | डडेलधुरा | खस आर्य | | | ९ | |
| ४२ | ५७ | सृष्टी भट्टराई | महिला | २७ | धुब्र कुमारी भट्टराइ/ सरस्वती कुमार भट्टराइ | | राम बहादुर भट्टराइ | २११२०७५२ | सुनसरी | खस आर्य | | | १० | |
| ४३ | ५८ | मञ्जु भूषाल | महिला | ४९ | मेघ बहादुर ज्ञवाली/ हिरा देवी ज्ञवाली | नारायण प्रसाद भुसाल | मान बहादुर ज्ञवाली | १३७०२१९४ | रूपन्देही | खस आर्य | | | ११ | |
| ४४ | ५९ | प्रभा कार्की | महिला | ४८ | पर्शुराम कार्की/ सकुन्तला कार्की | | दिल मान कार्की | ५७८४४६३ | ललितपुर | खस आर्य | | | १२ | |
| ४५ | ६० | शोभा खनाल | महिला | ३८ | सुर्य बिक्रम खनाल/ पितादेवी खनाल | उत्तम गुनी | शिव प्रसाद खनाल | ३०९०७३७५ | नुवाकोट | खस आर्य | | | १३ | |
| ४६ | ६१ | रत्ना कुमारी थापा | महिला | ४१ | नर वहादुर थापा/ मना देवी थापा | जनक वहादुर धामी | वजिर सिह थापा | ०६९७४१०१ | अछाम | खस आर्य | ✓ | | १४ | २ |
| ४७ | ६२ | ज्ञानु पौड्याल | महिला | ५६ | टोप बहादुर के.सी./ लक्ष्मी के.सी. | दिनेश पौडेल | हर्क बहादुर के.सी. | १२०६४०६५ | रूपन्देही | खस आर्य | | | १५ | |
| ४८ | ६३ | प्रभा ढकाल | महिला | ३९ | कृष्ण बहादुर ढकाल/ सरस्वती ढकाल | | भक्त बहादुर ढकाल | २४२८७५७ | चितवन | खस आर्य | | | १६ | |
| ४९ | ६४ | निना रेग्मी पोखरेल | महिला | ४८ | सुरेन्द्र प्रसाद रेग्मी/ इन्दिरा रेग्मी | कल्याण पोखरेल | महानन्द रेग्मी | ५७७१२३३ | ललितपुर | खस आर्य | | | १७ | |
| ५० | ६५ | शोभा कार्की | महिला | ४२ | भक्त बहादुर कार्की/ चिन माया कार्की | कृष्ण बहादुर थापा | करविर कार्की | १६२११९०४ | ओखलढुंगा | खस आर्य | | | १८ | |
| ५१ | ३३ | रमेश प्रसाई | पुरुष | ३२ | केदार नाथ प्रसाई/ सबिता पनेरु | नन्दा सिंह | मुकुन्द लाल प्रसाई | ३००१४३४८ | ताप्लेजुङ | खस आर्य | | | १ | |
| ५२ | ३४ | सुदिप ढकाल | पुरुष | ३३ | नोल राज ढकाल/ मथुरा ढकाल | | मित्र लाल ढकाल | ४८३०३२ | रूपन्देही | खस आर्य | | | २ | |
| ५३ | ३५ | प्रमोद न्यौपाने | पुरुष | ४४ | शिव प्रसाद न्यौपाने/ गीता न्यौपाने | सृजना पुडासैनी | राम कान्त न्यौपाने | २१७५३५१३ | सिन्धुपाल्चोक | खस आर्य | | | ३ | |
| ५४ | ३६ | प्रकाश बहादुर बोहरा | पुरुष | २८ | रेशम बहादुर बोहोरा/ नन्द कुमारी बोहोरा | | नर बहादुर बोहोरा | ३०६९२३४८ | दैलेख | खस आर्य | | | ४ | |
| ५५ | ३७ | पवन शाही | पुरुष | २५ | ऐन शाही/ मिठ्ठु शाही | | लक्ष्मन शाही | २३८२१८६४ | कालिकोट | खस आर्य | ✓ | ✓ | ५ | १ |
| ५६ | ३८ | प्रेम बहादुर बोहरा | पुरुष | ३९ | भद्रवीर बोहरा/ एली बोहरा | | पर्शुराम बोहरा | १३७९१४५३ | रुकुम पश्चिम | खस आर्य | | | ६ | |
| ५७ | ३९ | चोला प्रसाद बस्याल | पुरुष | ४१ | खोम नाथ वस्याल/ पवित्रा वस्याल | दुर्गा वस्याल | . . | १५१३५५७७ | स्याङजा | खस आर्य | | ✓ | ७ | |
| ५८ | ४० | विमल कुमार तिवारी | पुरुष | ४८ | द्धारीका प्रसाद तिवारी/ लिला देवी तिवारी | दिपिका मिश्र | चुरा मणि तिवारी | ११५०६९४० | सिराहा | खस आर्य | | | ८ | |
| ५९ | ४१ | टीका राम दाहाल | पुरुष | ५६ | प्रशु राम दहाल/ गंगा माया दहाल | अम्बिका दहाल (घिमिरे) | कर्णाखर दहाल | १५६५९७३१ | ललितपुर | खस आर्य | | | ९ | |
| ६० | ४२ | टेक बहादुर पोखरेल | पुरुष | ६१ | धन बहादुर पोखरेल/ मैया पोखरेल | कान्छी पोखरेल | जंग वीर पोखरेल | ५२६२६४१ | काठमाडौं | खस आर्य | | | १० | |
| ६१ | ४३ | जनक न्यौपाने | पुरुष | ३३ | रोमकान्त न्यौपाने/ दुर्गा देवी न्यौपाने | | बसन्त न्यौपाने | ४४८००४९ | पाल्पा | खस आर्य | | | ११ | |
| ६२ | ४४ | दिपक कुमार बोगटी | पुरुष | ५६ | ओम बहादुर वोगटी/ लिला वोगटी | | इमानसिं वोगटी | २२१२४२५९ | म्याग्दी | खस आर्य | | | १२ | |

| क.सं. | बन्दसूची को क्रम | पूरा नाम थर (बन्दसूची अनुसार) | लिङ्ग | उमेर | पिता/माताको नाम | पति/पत्नीको नाम | बाजेको नाम | मतदाता नम्बर | मतदाता भएको जिल्ला | समावेशी समूह (बन्दसूची अनुसार) | पि.क्षे. | अपाङ्गता | समावेशी समूह भित्र लिङ्ग अनुसारको प्रा.क्रम | पि.क्षे. भित्रको प्रा.क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६३ | ४५ | हरिश प्रसाद भट्ट | पुरुष | २७ | रमेश दत्त भट्ट/ कविता भट्ट | | टिका दत्त भट्ट | २३८५५००३ | बैतडी | खस आर्य | | | १३ | |
| ६४ | ४६ | इच्छा राम कार्की | पुरुष | ५७ | भक्त बहादुर कार्की/ मिठू कार्की | विन्दू कार्की | भैरव बहादुर कार्की | ५२२८५५० | काठमाडौ | खस आर्य | | | १४ | |
| ६५ | ४७ | महेश्वर घिमिरे | पुरुष | ४७ | विष्णु प्रसाद घिमिरे/ लक्ष्मी घिमिरे | विनिता घिमिरे | जीव नाथ घिमिरे | १३८८८८९३ | सिन्धुपाल्चोक | खस आर्य | | ✓ | १५ | |
| ६६ | ७३ | रीमा विश्वकर्मा | महिला | ३७ | बबुराम विश्वकर्मा/ किष्णा देवी विश्वकर्मा | | झुपलाल सुनार | ३०३११८९६ | काठमाडौ | दलित | | | १ | |
| ६७ | ७४ | अमृता बि.क. | महिला | ४३ | राम बहादुर रसाली/ कमला रसाली | राम प्रसाद वि. क. | उदय बहादुर रसाली | ४३९९२१ | रूपन्देही | दलित | | | २ | |
| ६८ | ७५ | सीता बादी | महिला | ३० | गोपाल नेपाली/ पार्वती नेपाली | सुरेश पुर्कुटी | लटे बादी | ३०४२०१६६ | काठमाडौ | दलित | | | ३ | |
| ६९ | ७६ | स्मृति सेन्चुरी | महिला | २६ | जयमान कामी/ ज्ञानु माया बि क | | पदम बहादुर कामी | ३०५००३७७ | दोलखा | दलित | | | ४ | |
| ७० | ७७ | सुष्मा स्वर्णकार (डिम्पल) | महिला | ४८ | अमर स्वर्णकार/ पार्वती स्वर्णकार | | धनी राम तिरूवा | ३०७६४४१३ | बाँके | दलित | | | ५ | |
| ७१ | ७८ | तारा विश्वकर्मा | महिला | ३६ | विदुर विश्वकर्मा/ शान्ता विश्वकर्मा | शंकर विश्वकर्मा | हर्क बहादुर विश्वकर्मा | ०९३९३८०८ | ललितपुर | दलित | | | ६ | |
| ७२ | ७९ | खिमा वि.क. | महिला | २७ | घनश्याम बि. क./ पर्मिला बि.क. | | कुल बहादुर कामी | ३०५२९६३८ | दाङ | दलित | | | ७ | |
| ७३ | ८० | अनिता नेपाली | महिला | ४१ | भक्त बहादुर दर्जी/ मनमाया दर्जी | सिताराम परियार | तुलाराम दर्जी | ११९७३५३९ | झापा | दलित | | | ८ | |
| ७४ | ६६ | प्रकाश चन्द्र दर्जी | पुरुष | ४९ | लला बहादुर दर्जी/ अम्वा देवी परियार | निलम कुमारी परियार | नर बहादुर दर्जी | १७४३४५९३ | सुनसरी | दलित | | | १ | |
| ७५ | ६७ | प्रकाश वि.क. | पुरुष | ३५ | वल वहादुर विश्वकर्मा/ मिना कुमारी वि.क | | लाल विर विश्वकर्मा | ३०८५४२३७ | बाग्लुङ | दलित | | | २ | |
| ७६ | ६८ | रुपक घिमिरे | पुरुष | ४३ | मोहन लाल विश्वकर्मा/ पार्वती विश्वकर्मा | | सूर्यमान विश्वकर्मा | २२१३७८८६ | काठमाडौ | दलित | | | ३ | |
| ७७ | ६९ | विजय जैरु | पुरुष | ३७ | उमेश मायालु जैरु/ सकिला जैरु | | पदम बहादुर जैरु | १८६६७२८७ | कञ्चनपुर | दलित | | | ४ | |
| ७८ | ७० | गोविन्द लुहार | पुरुष | ३७ | अंग लुहार/ धौली लुहार | किरण लुहार | फगिर लुहार | २१४८९७५४ | बझाङ | दलित | ✓ | | ५ | १ |
| ७९ | ७१ | अरविन्द कुमार राम | पुरुष | ३१ | नैनी लाल राम/ जालो देवी राम | - - - | फागु राम | १५३२४०७१ | सिराहा | दलित | | | ६ | |
| ८० | ७२ | हिरालाल बादी | पुरुष | ४२ | विष्णु बहादुर बादी/ कृष्णा बादी | सुनिता बादी | दर्वु बादी | २१२४८२८१ | सुर्खेत | दलित | | | ७ | |
| ८१ | ८४ | गीता चौधरी | महिला | ३२ | जयराम चौधरी/ जुगिया देवी चौधरी | | बलदेव चौधरी | १४६४७७४३ | कञ्चनपुर | थारू | | | १ | |
| ८२ | ८५ | | | | | | | | | | | | | |
| ८३ | ८६ | | | | | | | | | | | | | |
| ८४ | ८७ | करिस्मा कठरिया | महिला | २८ | राज कुमार कठरिया/ तारा देबी कठरिया | राजेश चौधरी | राम बहादुर कठरिया | २२१५६०६३ | कैलाली | थारू | | | २ | |
| ८५ | ८१ | सुरेन्द्र चौधरी | पुरुष | ५३ | राजेन्द्र प्रसाद चौधरी/ चम्पा देवी चौधरी | शीप्रा चौधरी | विशेश्वर प्रसाद चौधरी | १७८३६५९४ | दाङ | थारू | | | १ | |
| ८६ | ८२ | प्रेम लाल चौधरी | पुरुष | ५६ | खेला राम चौधरी/ हसीया देवि चौधरी थरुनी | फुल कुमारी थरुनि | मंगल चौधरी | १७३२४५० | मोरङ | थारू | | | २ | |
| ८७ | ८३ | गोबिन्द बहादुर थारु | पुरुष | ४३ | पारस मणी थारु/ बुद्ध कुमारी थारु | जानकी भट्ट | बुद्धी राम थारु | ३१५६४५३ | बाँके | थारू | | | ३ | |
| ८८ | ९५ | पूनम कुमारी अग्रवाल | महिला | ४३ | बैजनाथ अग्रवाल/ संतोष अग्रवाल | सिद्धार्थ अग्रवाल | शिवलाल अग्रवाल | १६४१४५६८ | रूपन्देही | मधेशी | | | १ | |
| ८९ | ९६ | निशा मेहता | महिला | ३८ | तेज नारायण मेहता/ बिमला देवी मेहता | सरोज सिंह | भटाइ मेहता | १९७५९६९७ | सुनसरी | मधेशी | | | २ | |
| ९० | ९७ | ललिता कुमारी | महिला | ५४ | चन्द्र साह/ फुलो देवी | विष्णु कुमार साह | शंकर साह | १८५७१७० | सिराहा | मधेशी | | | ३ | |
| ९१ | ९८ | अंकिता ठाकुर | महिला | ३० | विनोद कुमार ठाकुर/ रिमा ठाकुर | | चिरन्जिवी कुमार ठाकुर | १७४३७८६१ | सप्तरी | मधेशी | | | ४ | |
| ९२ | ९९ | सरिता महतो | महिला | ३२ | ध्रुव नारायण महतो/ उर्मिला देवी महतो | सुदीप राज सिंह | जनक महतो | २१२१९५८४ | मोरङ | मधेशी | | | ५ | |
| ९३ | १०० | कामिनी कुमारी | महिला | ४४ | महेन्द्र प्रसाद चौधरी/ जगतारणी देवी | | जीवछ चौधरी | ५९३५०६५ | महोत्तरी | मधेशी | | | ६ | |
| ९४ | १०१ | सुनिता कुमारी चौधरी | महिला | ३५ | रामेश्वर प्रसाद/ श्रीमती बसनती देवी | जितेन्द्र सहनी | स्व.योगेन्द्र चौधरी | ०७८९१८२३ | पर्सा | मधेशी | | | ७ | |
| ९५ | १०२ | पुनम साह | महिला | ३४ | गुल चन्द्र साहु तेली/ सोना वती साह | संतोष कुमार साह | वनारसी साहु | ११५०३७७४ | सिराहा | मधेशी | | | ८ | |

| क.सं. | बन्दसूची को क्रम | पूरा नाम थर (बन्दसूची अनुसार) | लिङ्ग | उमेर | पिता/माताको नाम | पति/पत्नीको नाम | बाजेको नाम | मतदाता नम्बर | मतदाता भएको जिल्ला | समावेशी समूह (बन्दसूची अनुसार) | पि.क्षे. | अपाङ्गता | समावेशी समूह भित्र लिङ्ग अनुसारको प्रा.क्रम | पि.क्षे. भित्रको प्रा.क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९६ | १०३ | प्रमिला कुमारी सिंह | महिला | ५० | चन्देश्वर प्रसाद सिंह/ अमृता देवी | प्रदिप कुमार सिंह | रामपृत सिंह | १२३६६९४९ | धनुषा | मधेशी | | | ९ | |
| ९७ | १०४ | जुली यादव | महिला | २७ | राम दयाल यादव/ जशोधिया देवी यादव | | भुटा यादव | ३१०९०९०० | धनुषा | मधेशी | | | १० | |
| ९८ | १०५ | मंजु सिंह | महिला | ४२ | शिवनाथ महतो/ सनेचरी सिंह | विनोद सिंह | जुगेश्वर महतो | १७७५१६७५ | धनुषा | मधेशी | | | ११ | |
| ९९ | ८८ | पुरुषोतम शुप्रभात यादव | पुरुष | २७ | कुशेश्वर यादव/ आशा कुमारी यादव | | शिवदेव यादव | १८१५४६७१ | सिराहा | मधेशी | | | १ | |
| १०० | ८९ | खगेन्द्र कर्ण | पुरुष | ४४ | भुपेन्द्र नारायण कर्ण/ कौशल्या देवी कर्ण | | लक्ष्मी नारायण कर्ण | २२४५४८५१ | सप्तरी | मधेशी | | | २ | |
| १०१ | ९० | नन्दन यादव | पुरुष | ४९ | राजी यादव/ संजोगीया यादव | मीरा देवी | दुःखन यादव | ०६९३२६७७ | महोत्तरी | मधेशी | | | ३ | |
| १०२ | ९१ | राम प्रकाश महतो | पुरुष | ४१ | मन्सी महतो/ सरस्वती देवी महतो | | अबध महतो | १७४०४५३९ | सिराहा | मधेशी | | | ४ | |
| १०३ | ९२ | देव नारायण मण्डल | पुरुष | ३९ | राम सागर मण्डल धानुक/ सेली देवी मण्डल | पिंकी मण्डल | आनन्द मण्डल | १६५३५०६२ | धनुषा | मधेशी | | | ५ | |
| १०४ | ९३ | उदय प्रकाश | पुरुष | २७ | कमलेश साह/ मिथलेश देवी साह | | दिपलाल साह | २०९०८८२७ | सर्लाही | मधेशी | | | ६ | |
| १०५ | ९४ | अभिजित गुप्ता | पुरुष | ४३ | अशोक कुमार गुप्ता/ उमा देवी गुप्ता | | कमला प्रसाद गुप्ता | २१५५९२७ | काठमाडौ | मधेशी | | | ७ | |
| १०६ | १०८ | समिना मिया | महिला | ३७ | महमद आलि मिया/ सम्सु मिया | | दिल महमद मिया | १६७५५१३१ | चितवन | मुस्लिम | | | १ | |
| १०७ | १०९ | अफ्साना बानु | महिला | ३१ | अमिर मिँया मुस्लिम/ नदिरा बानु मुस्लिम | | . . | १७६५२३२४ | काठमाडौ | मुस्लिम | | | २ | |
| १०८ | ११० | गजाला शमीम मिकरानी | महिला | ३१ | शमीम मिकरानी/ शमसुन नेसा | | जैनुल मिकरानी | १३७३१९६३ | रौतहट | मुस्लिम | | | ३ | |
| १०९ | १०६ | सैय्यद वकार अहमद शाह | पुरुष | ५१ | मुस्ताक अहमद शाह/ रजिया . | शाहीना शमीम | इस्रारुल हक | २५५४५८१५ | बाँके | मुस्लिम | | | १ | |
| ११० | १०७ | मिर्जा राशिद बेग | पुरुष | ४२ | किफायतुल्ला बेग/ बदरुनिसा मुसलमान | ओलिविया वाल्डेज क्रूज | तवारकुल्ला बेग | १५०८९६०१ | कपिलवस्तु | मुस्लिम | | | २ | |

# निर्वाचन आयोगद्वारा स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी तयार अवस्थामा राख्न निर्देशन

**काठमाडौं ।** निर्वाचन आयोगले यही फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अस्पताल तथा स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी तयारी अवस्थामा राख्न निर्देशन दिएको छ ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले निर्वाचनको व्यवस्थापकीय कार्य आयोगबाट स्वीकृत कार्यतालिका बमोजिम निरन्तर जारी रहेको उल्लेख गर्दै आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनमा सबै मतदान केन्द्रमा खटिने कर्मचारी, सुरक्षाकर्मी तथा मतदान गर्न आउने मतदातालाई आवश्यक पर्न सक्ने आकस्मिक स्वास्थ्य सहायता सेवा सम्बन्धित मतदानस्थलमा उपलब्ध गराउने व्यवस्था मिलाउन निर्देशन दिएको जानकारी दिएका हुन् । उनले आयोगले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहमा आवश्यक सहयोगका आग्रह गरिएको जानकारी दिए । आयोगले अत्यावश्यक तथा आपतकालीन उपचार सेवा उपलब्ध गराउन सक्नेगरी देशभरका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा चिकित्सक, स्वास्थ्यकर्मी र औषधि तयारी अवस्थामा राख्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाइएको समेत बताएको छ ।

आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र तथा भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन नेपाल सरकारलगायतका सरोकारवाला नियकासँग निरन्तर सहकार्य गर्दै निर्वाचनमा मतदाताको सार्थक सहभागिताका लागि मतदानको दिनभन्दा अघि र पछि गरी तीन दिन सार्वजनिक बिदाका लागि आयोगबाट सिफारिस भएबमोजिम नेपाल सरकारबाट निर्णय समेत भइसकेको छ। आयोगले जारी गरेको विज्ञप्तिमा मतदानको प्रक्रियालाई व्यवस्थित रूपमा सञ्चालन गर्न/गराउनका लागि तहगत सरकार र सरोकारवालासँगको सहकार्यको अवधारण अनुरूप मतदान केन्द्र कायम रहेका शिक्षण संस्था, स्वास्थ्यचौकी, वडा कार्यालय लगायतका सरकारी संरचनाहरू र ती सरकारी संरचनाहरूमा रहेका भौतिक सम्पत्ति फागुन १९ गते मंगलबारदेखि फागुन २१ गते बिहीबारसम्म तीन दिनका लागि उपयोग गर्न सक्नेगरी व्यवस्था मिलाइदिन सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पत्राचार एवं समन्वयका लागि सरकारलाई अनुरोध गरी गृह मन्त्रालयबाट सम्बन्धित निकायमा पत्राचार समेत भइसकेको उल्लेख गरेको छ ।

आयोगबाट भएको निर्णय र पत्राचारबमोजिमका आवश्यक सहयोगको व्यवस्था मिलाउन संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सबै सरोकारवाला निकायलाई आयोगले आग्रह समेत गरेको छ ।

# झापा– ३ मा निर्वाचनको सम्पूर्ण जिम्मा महिलालाई

**काठमाडौं ।** आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि झापा क्षेत्र नम्बर ३ का तीनवटा मतदान केन्द्रको सम्पूर्ण जिम्मेवारी महिलाले पाएका छन् । मुख्य निर्वाचन कार्यालयका सहायक निर्वाचन अधिकारी डिल्लीप्रसाद प्रसाईले भद्रपुर नगरपालिका-८ स्थित मेची रंगशालामा रहेको मतदानस्थलका तीन मतदान केन्द्रमा नेतृत्व महिलालाई सुम्पिएको जानकारी दिएका हुन् ।

मतदानस्थलको 'क' केन्द्रको बुथमा मतदान अधिकृतको रूपमा घरेलु तथा साना उद्योग कार्यालय भद्रपुरकी प्रमुख पुष्पलता उप्रेति रहेकी छन् भने सहायक मतदान अधिकृतमा प्रतिक्षा घिमिरे रहेकी छन् ।

यस्तै केन्द्र 'ख' बुथमा मतदान अधिकृतको रूपमा विशेष नापी कार्यालय दमककी सुजना पन्त र सहायक अधिकृतमा जुनु पोखरेल रहेकी छन् भने 'ग' केन्द्रको बुथमा भद्रपुर नगरपालिकाकी गोमा दाहाल र सहायक अधिकृत प्रतिमा राई रहेकी समेत निर्वाचन कार्यालयले बताएको छ । जिल्ला निर्वाचन कार्यालयका पाँच वटै निर्वाचन क्षेत्रका मतदान अधिकृतहरूलाई धमाधम निर्वाचनसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरिरहेको कार्यालयमा प्रमुख तुलसी नेपालले जानकारी दिए ।

झापामा ७ लाख १३ हजार ५३७ जना मतदाता, ८१५ मतदान केन्द्र र २८५ मतदानस्थल एवं ८१५ जना मतदान अधिकृतसहित चार हजार ९३६ जना कर्मचारी खटाइएको पनि नेपालले बताए ।

# गौरमा पुनः निषेधाज्ञा जारी

**काठमाडौं ।** जिल्ला प्रशासन कार्यालयले गौर नगर क्षेत्रभित्र पुनः निषेधाज्ञा जारी गरेको छ । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) अनुसार गौर नगरपालिकाको पूर्व मुडबलवा गेट, पश्चिम लालबकैया बाँध, उत्तरमा बम नहर र दक्षिणमा गौर भन्सार कार्यालयभित्र बिहान ८:३० बजेदेखि पुनः निषेधाज्ञा जारी भएको हो ।

प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले आइतबार बिहान ८:३० बजेदेखि अर्को आदेश नभएसम्मका लागि पुनः निषेधाज्ञा जारी गरिएको जानकारी दिए । गौर-६ सवगढा गाउँमा शनिबार बिहान दुई समुदायबीच विवाद भएपछि शनिबार १ बजेदेखि बिहान ६:३० बजेसम्मका लागि निषेधाज्ञा जारी गरिएको थियो ।

# पोखराबाट साँझ ७ बजे छुटेको बस धादिङमा दुर्घटना, २० यात्रुको निधन

**काठमाडौं ।** आइतबार साँझ ७ बजे छुटेको यात्रुबस सोही राति धादिङमा दुर्घटनामा परेको खुलेको छ । पोखराबाट ३४ जना यात्रुसहितको चलानी लिएर माछापुच्छ्रे टुर्स एण्ड ट्राभल्सको ग २ ख १४२१ नं को उक्त बस पोखराबाट बेलुका ७ बजे छुटेको पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनी प्रालिका अध्यक्ष ऐनकुमार साईले जानकारी दिएका हुन् । उक्त बस तनहुँको जामुनेका ओमकुमार श्रेष्ठको भएको पनि उनले बताए । गाडीमा श्रेष्ठ पनि सवार रहेको बुझिएको उनले जानकारी दिए । प्रहरीले अहिलेसम्म उक्त बसमा सवार २० जनाको निधन भएको जानकारी दिएको छ । 'पृथ्वी राजमार्ग सञ्चालक कम्पनीका कर्मचारी पनि घटनाबारे थप जानकारी लिन र बुझ्न मलेखुबाट घटनास्थलमा पुगेका छन्' राईले भने । सो बसका चालक सुजित नेपालीको अवस्था अहिलेसम्म अज्ञात रहेको पनि साईले जानकारी दिए । घाइतेहरूको ट्रमा सेन्टरसहित काठमाडौंका हस्पिटल र केहीको स्थानीय अस्पतालमा उपचार भइरहेको समेत साईले जानकारी दिए ।

यात्रुवाहक सो बस त्रिशुली नदीमा खस्दा भएको ठूलो मानवीय क्षतिको घटनाप्रति दुःख व्यक्त गर्दै पूर्वप्रधानमन्त्री समेत रहेका नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले एक शोक वक्तव्य मार्फत ज्यान गुमाउने सबैप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेका छन् । दुर्घटनामा घाइते भएका नागरिकको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै उनले उद्धार तथा प्रभावकारी उपचारका आग्रह गरेका छन् । पूर्वप्रधानमन्त्री नेपालले पीडितपरिवारलाई राहत व्यवस्थापनमा कुनै कमी हुन नदिन सम्बन्धित निकायको ध्यानाकर्षण समेत गराएका छन् । धादिङस्थित चरौंदी नजिक भएको उक्त दुर्घटनामा परी १७ जनाको घटनास्थलमै र दुईको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यसैगरी पोखराबाट काठमाडौंतर्फ सवार यात्रुबाहक बसको दुर्घटनाप्रति पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले दुःख व्यक्त गरेका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत दुःख व्यक्त गर्दै उनले दुर्घटनामा परी ज्यान गुमाएका यात्रुहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका छन् । पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको उक्त यात्रुबस करिव राति १:३० बजे धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-५, भैंसीगौंडास्थित पृथ्वी राजमार्गबाट त्रिशुली नदी किनारमा दुर्घटनाग्रस्त भएको थियो ।

'पोखरादेखि बस छुट्दा चालक, कर्मचारीसहित बसमा ३७ जना सवार थिए, बीच बाटोमा अन्य यात्रु पनि चढेको अनुमान गरिएको छ, विस्तृत विवरण आइसकेको छैन' साईले भने ।

# जसरी व्यवस्था बदल्यौं, त्यसैगरी अवस्था पनि बदल्नेछौं : नेकपा

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले संविधान कार्यान्वयनको समीक्षा एवं पुनरावलोकन गरी शासकीय स्वरूप, निर्वाचन प्रणालीलगायत विभिन्न विषय परिमार्जन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

नेकपाले बिहीबार एक अपिल जारी गर्दै उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन गरेर सार्वजनिक पद धारणा गरेका व्यक्तिको सम्पत्ति छानबिन गरिने दृढता समेत व्यक्त गरेको छ । भ्रष्टाचार गरेर आर्जन गरेको सम्पत्ति राष्ट्रियकरण गर्ने नेकपाले प्रतिबद्धता व्यक्त गरेको छ । नेकपाले भ्रष्टाचारमा शून्य सहनशीलता सहितको सुशासन, पूर्णपारदर्शीता, शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप राज्यका सबै अंगको सञ्चालन र संघीयताको मर्मअनुरूप जनताको घरदैलोमै प्रभावकारी सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । नेकपाले राष्ट्रिय स्वाधीनता र स्वाभिमानको रक्षाका निम्ति त्यही दृढताका साथ उभिने प्रतिबद्धता जाहेर गरेको छ ।

'नेपाली जनताले लामो बलिदानी संघर्ष गरेर स्थापना गरेको संघीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीविरुद्धका सबै षड्यन्त्रलाई परास्त गर्दै यसलाई सुदृढ र सुस्थिर बनाउँदै समाजवादी लोकतन्त्रको रूपमा विकास गर्न चाहन्छौं' नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपालद्वारा जारी संयुक्त अपिलमा उल्लेख गरिएको छ । जातीय छूवाछूत तथा छाउपडीजस्ता कुरीति र अन्धविश्वास, विभेदकारी व्यवहार, असमानता, उत्पीडन, कुरीति र अन्धविश्वासको अन्त्य गर्ने प्रतिबद्धता समेत नेकपाले व्यक्त गरेको छ । गरिबी र बेरोजगारी समस्या समाधान गर्न कृषि उत्पादनमा वृद्धि, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगधन्दाको विकास, औद्योगिक उत्पादनमा वृद्धि, ऊर्जा उत्पादनमा वृद्धि, व्यापार प्रवर्द्धन तथा पर्यटन उद्योगको विकास र पर्यटन आगमनमा वृद्धि गर्न विशेष योजना बनाएर कार्यान्वयन गरिने अपिलमा उल्लेख छ ।

'राज्यकोष बलियो बनाउन प्रगतिशील कर लगाइनेछ, वित्तीय क्षेत्रमा नीतिगत र संरचनागत सुधार गरिनेछ । गरिबीको अन्त्य गर्न लक्षित वर्ग र समुदायकेन्द्रित कार्यक्रम सञ्चालन गरिनेछ' अपिलमा उल्लेख गरिएको छ 'प्राकृतिक सम्पदा र वातावरणको संरक्षण गर्दै दिगो विकासका लागि प्राकृतिक स्रोतको सदुपयोग गरिनेछ । विकासका योजना निर्माण गर्दा विपद्जन्य जोखिम र त्यसको व्यवस्थापनमा ध्यान दिने नीति अवलम्बन गरिनेछ ।'

नेपाली समाजमा व्यापक रूपमा आर्थिक-सामाजिक रूपान्तरणका अभियान सञ्चालन गरेर समाजवादको आधार निर्माण गरिने नेकपाको उद्घोष छ । नेकपाले नेपालसँग भएका असमान सन्धि-सम्झौता खारेज गर्न र नेपालको अतिक्रमित भूमि फिर्ता गर्न प्रतिबद्ध रहेको स्पष्ट पारेको छ । मुलुकको राजनीतिक परिवर्तनको नेतृत्वदायी भूमिका खेलेको उल्लेख गर्दै नेकपाले विगतका कमजोरी सच्याउँदै मुलुक र जनताको अवस्था बदल्ने संकल्प गरेको छ । 'जसरी व्यवस्था बदल्यौं, त्यसैगरी अवस्था पनि बदल्नेछौं । यो हाम्रो दृढ प्रतिज्ञा हो' नेकपाको अपिलमा उल्लेख गरिएको छ 'विगतमा हाम्रा पनि कतिपय कमी-कमजोरी भएका होलान् । त्यसमा हामी आत्मालोचित छौं र कमी-कमजोरीलाई सच्याएर अघि बढ्न प्रतिबद्ध छौं ।'



## समभ्रूदारीसाथ...

आफ्नो दलको आन्तरिक अध्ययन र अनुसन्धानका आधारमा यस पटकको निर्वाचनमा चारवटा मुख्य राजनीतिक धाराहरूबीच प्रतिस्पर्धा हुने धारणा उनले व्यक्त गरे। आफ्नो दल नेकपा, नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बीच नै मुख्य प्रतिस्पर्धा हुने माहोल रहेको संयोजक प्रचण्डले सुनाए। 'त्यस्तो परिस्थितिमा पनि हामीले जनमतलाई कदर गर्दै फेरि समभ्रूदारीका साथ हाम्रो लोकतान्त्रिक विधि-विधान र मूल्य-मान्यताअनुसार अगाडि बढ्ने कमिटमेन्ट हामी सबै राजनीतिक दल र निर्वाचनमा सहभागी सबै-सबैको तर्फबाट हुनुपर्दछ भन्ने हाम्रो धारणा पनि म राख्न चाहन्छु'- उनको भनाइ छ।

यतिबेला समाजमा पार्टीहरूलाई अवमूल्यन गर्ने प्रवृत्ति बढ्दै गएकामा चिन्ता जाहेर गर्दै राम्रो गर्न सक्दा नेकपा अगाडि आउने सम्भावना रहेको उनले उल्लेख गरे। अहिले आफ्नो पार्टीभित्र असाध्यै राम्रो एकता पैदा भएको दावी गर्दै उनले भने- 'म जति ठाउँमा गएँ, सातै प्रदेशमा र हाम्रा नेताहरू जहाँ-जहाँ जानुभएको छ, त्यो-त्यो ठाउँमा यो पटक हाम्रो पार्टीभित्र असाध्यै राम्रो एकता पैदा भएको देखिएको छ, हाम्रा नेता-कार्यकर्ता, समर्थक-शुभेच्छुक सबै सक्रियतापूर्वक निर्वाचन प्रक्रियामा लाग्नुभएको छ।' सातै प्रदेशमा नेता-कार्यकर्ता र शुभेच्छुकहरू सक्रियता-पूर्वक निर्वाचनमा होमिएको उल्लेख गर्दै नेकपा कुनै पनि समस्या नभएको पार्टी रहेको उनले जिकिर गरे।

कृषि, उद्योग, पर्यटन र ऊर्जालगायतका क्षेत्रमा गुणात्मक विकास गरी रोजगारी सिर्जना गर्ने विषयहरू नै आफ्नो पार्टीको मुख्य प्राथमिकतामा परेको उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रण र सामाजिक विभेदको अन्त्य आफ्नो मुख्य एजेण्डा भएको संयोजक प्रचण्डले चर्चा गरे। निर्वाचनको परिणाम जे-जस्तो आए पनि त्यसलाई स्वीकार्ने मानसिकताका साथ आफूहरू अगाडि बढेको प्रष्ट्याउँदै जनमतको कदर गर्दै लोकतान्त्रिक विधि र मूल्य-मान्यताअनुसार समभ्रूदारीका साथ अगाडि बढ्न सबै राजनीतिक दलहरू प्रतिबद्ध हुनुपर्नेमा उनले जोड दिए।

## चुनावको मुखैमा...

उडेको विषयमा उनको सचिवालय र कांग्रेस पार्टीको तर्फबाट औपचारिक जानकारी दिइएको छैन। चुनावकै मुखमा देउवा र राणा विदेशतिर लागेको विषयलार्य चासोपूर्वक हेरिएको छ। 'पूर्वसभापतिज्यू निर्वाचनमा पार्टीका पक्षमा मत हाल्नोस् भनेर अपिल गर्ने मुडमा देखिनुभएको छैन, उहाँ मतदानका लागि डडेल्धुरा जाने कुरा पनि यकिन छैन,' उनीनिकट अर्का कांग्रेस नेताले भने- 'पूर्वसभापतिज्यू फागुन १९ मा फर्कने कि भन्ने कुरा छ, तर टुंगो छैन।'

कांग्रेसको विशेष महाधिवेशनबाट गगनकुमार थापा सभापतिमा निर्वाचित भएलगत्तै पार्टीमा निष्क्रिय भएका देउवाले निर्वाचनमा पार्टीको पक्षमा जनमतको अपिल गर्दै कहींकतै बोलेका छैनन्। देउवाले नवनिर्वाचित सभापति थापासँग कुराकानी समेत नगरेको बताइएको छ। राजनीतिक जीवनकै अन्तिम पटक चुनाव लड्न चाहेका देउवालाई थापाले टिकट नदिएका मात्र होइनन् कि उनकै जोडबलमा सभापतिबाट समेत अपदस्थ गरिएकामा देउवा निकै असन्तुष्ट छन्।

गृहजिल्ला र प्रदेशमा कांग्रेसका कतिपय उम्मेदवारले चुनावी प्रचारका पोस्टरमा देउवाको तस्बिर प्रयोग गरेका छन्। 'जेन-जी' प्रदर्शनको दोस्रो दिन भदौ २४ मा बुढानीलकण्ठस्थित निवासमै देउवा दम्पतीमाथि घातक आक्रमण भएको थियो। आक्रमणबाट गम्भीर घाइते भएपछि देउवा दम्पतिको सुरुमा सैनिक अस्पताल छाउनीमा उपचार भएको थियो। देउवाको टाउकामा चोट लागेको थियो। अमानवीय आक्रमणको निशानामा परेका देउवा दम्पती पछिल्लो समय पार्टी गतिविधिबाट अलग रहँदै आएका छन्।


## प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं !

- प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहीबार हुँदैछ।
- मतदान बिहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ।
- निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं।
- निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# प्रतिनिधिसभा निर्वाचन : बुधबार मध्यरातदेखि मतदान नसकिादासम्म सवारी सञ्चालनमा रोक

**काठमाडौं।** निर्वाचन आयोगले फागुन २० गते राति १२ बजेदेखि मतदान बिहीबार मतदान सम्पन्न नहुँदासम्म सार्वजनिक तथा निजी सवारीसाधन सञ्चालनमा रोक लगाइने बताएको छ।

प्रतिनिधिसभा सदस्य चयनका लागि आगामी फागुन २१ गते बिहीबारका लागि तोकिएको निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ को दफा ३ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिकै बैठकले मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन (एम्बुलेन्स, दमकल, शवबाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत मर्मत, खानेपानी तथा दल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने), कूटनीतिक नियोगका सवारीसधान र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधनबाहेक अन्य सार्वजनिक तथा निजी सवारीसाधन फागुन २० गते राति १२ बजेदेखि फागुन २१ साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउने निर्णय गरेको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

मतदानको मितिभन्दा सातदिन अघिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादकपदार्थ विक्रीवितरण तथा सेवन गर्न मुलुकभर प्रतिबन्ध लगाउन गृहमन्त्रालयलाई पत्र पठाउने निर्णय गरेको छ। बैठकबाट निर्वाचन सुरक्षाका लागि ७७ वटै जिल्लामा मादकपदार्थ विक्रीवितरण तथा सेवनमा प्रतिबद्ध लगाउने निर्णय गरिएको हो।

प्रवक्ता भट्टराईले जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १७ र १८ बमोजिम निषेध गरिएका कार्यहरू हुन नदिने र कहींकतै भए/गरेको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन पनि गृहमन्त्रालयमार्फत सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरिएको जानकारी दिए।

उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकमा योजनाको समीक्षा, सुरक्षा वस्तुस्थितिको आकलन तथा सुरक्षा व्यवस्थासम्बन्धी मार्गदर्शन तथा सिफारिसका आधारमा निर्वाचनलाई स्वच्छ, विश्वसनीय तथा भयरहित वातावरणमा सम्पन्न गर्न मन्त्रालयलाई लेखी पठाउने निर्णय भएको हो। यसैगरी फागुन १८ गते राति १२ बजेदेखि लागू हुने निर्वाचन प्रचार-प्रसार निषेध अवधिमा पालना गर्नुपर्ने निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न गराउन गृहमन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरूलाई निर्देशन दिइएको छ।

प्रवक्ता भट्टराईका अनुसार मतदानको दिनमा अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडानहरू यथावत सञ्चालनको व्यवस्था मिलाइएको छ। अन्तर्राष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलबाट घर/बसोबास गर्ने होटलसम्म र घर/बसोबास गर्ने होटलबाट विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिने व्यवस्था मिलाइएको छ।

निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०८२ को दफा ६ मा उल्लेख भएबमोजिम निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा तोकिएका सबै कार्यहरूसहित सोही दफाको खण्ड (झ) मा उल्लेख भएको निर्वाचन मितिभन्दा ७२ घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तर्राष्ट्रिय सीमानाका बन्द गर्ने व्यवस्था मिलाउन पनि आयोगले गृहमार्फत ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पत्र लेखी पठाएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन (मतदान) निर्देशका, २०८२ को दफा ४३ तथा दफा ८४ मा मतदाताले मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा वा सवारीचालक अनुमति पत्र लिएर मतदान केन्द्रमा जानुपर्ने गरी व्यवस्था गरिएकाले सो बमोजिम कुनै एउटा कागजात साथमा लिएर मतदान गर्न जाने मतदाता नामावलीमा नाम भएका मतदाताले मतदान गर्न पाउनेबारे मतदानमा खटिने सुरक्षाकर्मी, कर्मचारी र सरोकार भएका सबैलाई सूचना सम्प्रेषण गर्न पनि निर्देशन दिइएको प्रवक्ता भट्टराईले जानकारी दिए।

आयोगले जारी गरेको सवारीसाधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२ बमोजिम मतदानको दिनमा आयोग र जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जारी हुने सवारी पास उपलब्ध गराउन आयोगको सचिवालय परिसरमा पास वितरण इकाई खडा गरिने छ। आयोगको तर्फबाट दुई जना र जिल्ला प्रशासन कार्यालय, काठमाडौंको तर्फबाट दुई जना कर्मचारी तोकिएको र निर्णयअनुसार आवश्यक सहजीकरण र समन्वयका लागि सम्पूर्ण सरोकार भएकाहरूमा आयोगले आग्रह समेत गरेको छ।

# निर्वाचनमा कसैसँग समीकरण हुँदैन : प्रचण्ड

**काठमाडौं।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कुनै राजनीतिक दलसँग समीकरण नहुने स्पष्ट पारेका छन्। यो निर्वाचनमा नेकपाले आफ्नै एजेण्डा, पार्टी संगठन, जनताको साथ र सहयोगमा निर्वाचनमा जान लागेका बताएका हुन्।

पार्टी मुख्यालय पेरिसडाँडामा आयोजित पत्रकार सम्मेलनमा आफ्नो पार्टीको चुनावी एजेण्डासहित एक सातापछि हुने निर्वाचनमा सहभागी हुने बताएका संयोजक दाहालले भने 'यो निर्वाचनमा नेकपाले कुनै पनि राजनीतिक दलसँग समीकरण गर्दैन, आफ्नै 'एजेण्डा', पार्टी संगठन, जनताको साथ र सहयोगमा निर्वाचनमा जाँदैछौं।' एक सय ६५ निर्वाचन क्षेत्रमध्ये बागलुङको क्षेत्र नं १ मा बाहेक अन्यत्र तालमेल नभएको जानकारी दिँदै उनले अयन्त्र चुनावी तालमेल गर्ने पार्टीको नीति नरहेको स्पष्ट पारे।

नेकपाले विगतको कमी-कमजोरी सच्याएर जनताको चाहना र भावनाअनुसार सुशासन र समृद्धिको मार्गमा अघि बढ्ने उल्लेख गर्दै संयोजक दाहालले राष्ट्रिय स्वाधिनता र सामाजिक न्यायको पक्षमा तथा भ्रष्टाचारको विरुद्धमा नेकपा लाग्ने भएकाले जनताले मत दिने विश्वास व्यक्त गरे। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन राजनीतिक दल, सुरक्षा निकाय, कर्मचारी संयन्त्र र आमजनताको भूमिका महत्वपूर्ण हुने बताउँदै उनले आसन्न निर्वाचनले मुलुकलाई निकास दिने विश्वास व्यक्त गरे।

'जेन-जी' युवाको भावनाअनुसार संविधान संशोधन गर्दै उनले मुलुकलाई राजनीतिक स्थिरता दिन सबै राजनीतिक दल, युवापुस्तालगायत सरोकार भएका निकायबीच सहकार्य र समन्वय आवश्यक पर्नेका जोड दिए।

यसअघि बुधबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडा वाम बुद्धिजीवीसँगको छलफल गर्दै उनले ६५ देखि ७० सिटसम्म प्रत्यक्षमै निर्वाचित हुने एक अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिएको दावी गरे। निर्वाचनको मितिसम्म पुग्दा नेकपाले अझै बढी मेहनत गरेमा नतिजा झनै राम्रो आउनसक्ने सम्भावना रहेको चर्चा गर्दै पूर्व प्रधानमन्त्री समेत रहेका दाहालले पार्टीका चुनावी कार्यक्रम जनतालाई बुझाउन जरुरी रहेको समेत बताए।

बुद्धिजीवीहरूले पार्टीका पक्षमा जनमत सिर्जना गर्न भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै उनले प्रतिबद्धतापत्र हरेक वडामा पुऱ्याउन नेता तथा कार्यकर्तालाई निर्देशन दिए।

प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]
कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं